रिपोर्ट भर्ने र पठाउने नियम

१. न्याय पालिका तर्फका एट्नी जनरल अफिस मातहतका र लेखापरीक्षण सेवाका बाहेक किताबखानामा नाम दर्ता भएका अरू सबै निजामती सेवाका गजेटेड कर्मचारीहरूको गोप्य रिपोर्ट प्रत्येक ६।६ महीनामा फाराम नम्बर २ मा तोकिएको ढांचामा र प्रत्येक वर्षको एकपल्ट फाराम नम्बर १ मा तोकिएको ढांचामा विभागीय प्रमुखहरूले प्रशासकीय व्यवस्था बिभागमा रिकर्डको निमित्त पठाउनुपन छ ।

१. प्रत्येक वर्षको एक पल्ट गजेटेड कर्मचारीहरूको नेकीबदीको गोप्य रिर्पोट तल लेखिएको अवस्थामा पठाउनुपर्ने छ ।

(क) नियमित वार्षिक गोप्य रिर्पोटको अवधि वैशाख १ गतेदेखि चैत्र मसान्तसम्मक मानिने छ । र सो रिर्पोट अर्को वर्षको वैशाख महीनाभित्र पठाउनुपर्ने छ । पहिलो वार्षि गोप्य रिपोर्ट २०२० साल वैशाख मसान्तसम्ममा पठाउनुपर्ने छ ।

(ख) सरुवा बढुवा नयां नियुक्ति भएका कुनै सेवाका गजेटेड कर्मचारीहरूको सम्बन्ध जुनसुकै महीनामा सरुवा बढुवा वा नयां नियुक्ति भएपनि वार्षिक गोप्य रिपोर्ट अ वर्षको वैशाख महीनासम्ममा सम्बन्धित विभागीय प्रमुखले यस विभागमा पठाउनुपर्ने त्यसरी पठाउँदा अवधि किटान गरी पठाउनुपर्ने छ ।

२. अर्ध वार्षिक रिर्पोटको अवधि श्रावण १ गतेदेखि पौष मसान्तसम्मको र माघ १ गतेदे आषाढ मसान्तसम्मको हुने छ । प्रत्येक अर्ध वार्षिक गोप्य रिपोर्ट माघ १५ गते श्रावण १५ गतेसम्ममा सम्बन्धित विभागीय प्रमुखले यस विभागमा पठाउनुपर्ने छ ।

३. नयां नियुक्ति अथवा सरुवा भएका जुनसुकै सेवाका गजेटेड कर्मचारीहरूको सम्बन्ध जुनसुकै महीनामा सरुवा बढुवा नयां नियुक्ति भए तापनि पहिलो अर्ध वार्षिक गोप्य रिपो माघ १५ गत अथवा श्रावण १५ सम्ममा यस विभागमा पठाउनुपर्ने छ र त्यसरी पठाउँ अवधि किटान भई आउनुपर्ने छ ।

४. कर्मचारीहरूको रिर्पोट निम्न लेखिए बमोजिमका अधिकारीले लेख्ने र जांच्ने छन्

कर्मचारीको दर्जा	रिपोर्ट लेख्ने अफिसर	रिपोर्ट जाँच्ने अफिस
मन्त्रालय		
(क) से. अ. र सोसरहका अफिसर	उप-सचिव	सचिव
(ख) उप-सचिव, सह-सचिव	सचिव	विभागीय सहायक मन्त्री वा विभागीय मन्त्री
(ग) सचिव र सचिव सरहका	विभागीय सहायक मन्त्री वा विभागीय मन्त्री	विभागीय मन्त्री

अधिकार्नि सह-सुद्रिज विभागीट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय अभिलेखालय

भाग

अ. र सोसरहका अन्य अफिसर विभागीय प्रमुख सम्बन्धित मन्त्रालयका सचिव
विभागीय प्रमुख सम्बन्धित मन्त्रालयका सचिव विभागीय सहायक मन्त्री
वा विभागीय मन्त्री

. कुनै विभागमा विभागीय प्रमुख सरहका अन्य अफिसरहरू भएमा त्यस्ता अफिसरको गोप्य रिपोर्ट पनि विभागीय प्रमुखले नै लेख्नुपर्नेछ ।

. जिल्ला गढी गाँडा गोस्वाराका अड्डा अड्डाका गजेटेड कर्मचारीहरूको गोप्य रिपोर्ट सम्बन्धित मन्त्रालय, विभाग मार्फत यस विभागमा प्राप्त हुनुपर्नेछ ।

७. मिति ०१६।२।८ खण्ड ९ संख्या १० को नेपाल गजेट भाग ३ मा प्रकाशित गृह मन्त्रालयको सूचनाको गजेटेड कर्मचारीको काम सम्बन्धी गोप्य रिपोर्ट राख्ने बारेको तसम्बन्धित सूचना खारेज गरिएकोछ ।

आज्ञाले–
प्रेमनसिंह प्रधान
श्री ५ को सरकारको सचिव,
प्रशासकीय व्यवस्था विभाग ।

मुद्रण विभाग, गोरखापत्र

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
गोरखापत्र छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।